जोरायल गाउँपालिका

# जोरायल गाउँपालिकाको विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७५

गाउँकार्यपालिकाबाट स्वीकृत मितिः–२०७५/०१/०७

जोरायल गाउँपालिका

डोटी, ७ नं. प्रदेश

**प्रस्तावना :**

विपद् जोखिमको दृष्टिबाट नेपाल विश्व कै अतिसंवेदनशील देशहरु मध्ये एक हो । अव्यवस्थित बसाइसराई,वन अतिक्रमण, अवैज्ञानिक कृषि प्रणाली तथा अव्यवस्थित बस्ती विकास र अवैज्ञानिक शहरीकरण, बढ्दो जनसंख्या, वतावरण प्रदुषण तथा जलवायु परिवर्तन,जनचेतनाकोकमी लगायतका कारणहरुले हरेक वर्ष हुने भूकम्प, बाढी पहिरो, अनावृष्टि, अतिवृष्टि, विभिन्न रोगको महामारी, आगलागी जस्ता प्रकोपको दुर्घटनामा ठूलो धनजनको क्षति हुने गरेको छ । यस्ता प्रकोप तथा विपद्का कारण हुने गरेको धनजनको क्षतिलाई न्यूनीकरण गर्न तथा प्रकोप पीडितलाई तत्काल उद्धार गर्न तथा राहत उपलब्ध गराउनको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गाँउपालिकामा एक विपद् व्यवस्थापन कोष स्थापना गर्न र सो कोषको प्रभावकारी सञ्चालन गर्न बाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी जोरायल गाउँ कार्यपालिकाको मिति २०७५/०१/०७ को बैठकले यो कार्यविधि पारित गरेको छ ।

**उद्देश्य :-**

(क) विपद्मा परेका पीडितलाई उद्धार र पुनः स्थापना गर्ने कार्यका लागि सबै सरकारी तथा गैर सरकारी क्षेत्रको सहयोगमा जनसहभागिता समेत जुटाउनु ।

(ख) विपद्का लागि अत्यधिक जोखिम क्षेत्र पहिचान तथा नक्साङ्कन गरी जनचेतना अभिबृद्धि गर्नु ।

(ग) विपद्को जोखिमलाई न्यूनीकरण गर्न समय सापेक्ष नीतिगत र संस्थागत संयन्त्रमा सुधार गर्नु ।

(घ) विपद्बाट पीडित पक्षलाई आधारभूत आवश्यकताका लागि तत्कालै राहत उपलव्ध गराउनु ।

(ङ) विकास निर्माण तथा भौतिक संरचनाको निर्माण गर्दा अति वातावरण मैत्री प्रणालीमा जोड दिन जनचेतना जगाउनु ।

(च) विपद्को जोखिम न्यूनीकरणको लागि उपयुक्त सूचना विपद् पूर्वको तयारीका लागि उपलव्ध गराउनु ।

(छ) राष्ट्रिय योजना आयोगले बनाएको उद्देश्य परिपूर्तिका लागि उन्मुख हुनु ।

(ज) विपद्का लागि लागु हुने प्रयास रोकथाम मूलक भन्दा पनि उपचार मूलक बनाउनु ।

(झ) विपद् व्यवस्थापनमा काम गर्ने निकायको बीच समयमा नै समन्वय गर्नु ।

(ञ) विपद् सम्वन्धी सूचना दिने प्रविधिको विकास तथा व्यवस्थापन गर्नु ।

## परिच्छेद – १

## प्रारम्भिक

१.**संक्षिप्त नाम र प्रारम्भ** :(१) यस कार्यविधीको नाम "जोरायल गाउँपालिकाको विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७५" रहेकोछ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "विपद् व्यवस्थापन कोष" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम जोरायल गाँउपालिकामा स्थापित विपद् व्यवस्थापनकोष सम्झनु पर्छ ।

(ख) "कार्यविधि" भन्नाले जोरायल गाँउपालिकाको विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७५ सम्झनु पर्छ ।

(ग) "विपद् व्यवस्थापन कोष सञ्चलन समिति" भन्नाले दफा ३ बमोजिम गठित समिति सम्झनु पर्छ ।

(घ) "गाउँपालिका" भन्नाले जोरायल गाँउपालिकाको कार्यालय, राउतकट्टे सम्झनु पर्छ ।

(ङ) "विपद्" भन्नाले प्राकृतिक वा गैर प्राकृतिक कारणबाट विपत्तिपूर्ण अवस्था सिर्जना भई धनजन, पशुचौपायाको क्षतिको साथै जीवनयापनमा प्रतिकुल असर परी वा पारी विपद्बाट प्रभावित व्यक्ति वा समुदायको आफ्नै स्रोत र क्षमताबाट समाधान हुन नसक्ने वाह्य सहयोगको आवश्यकता पर्ने दुःखद तथा कष्टपूर्ण प्राकृतिक वा गैरप्राकृतिक विपद् र हुन सक्ने विपत्तिपूर्ण अवस्थालाई समेत सम्झनु पर्छ ।

(च) "प्राकृतिक विपद्" भन्नाले बाढी, पहिरो, अतिवृष्टि, अनावृष्टि, खडेरी, आँधी, असिनापानी, भूकम्प, ज्वालामुखी विष्फोट, चट्याङ तथा भूस्खलन जस्ता प्राकृतिक कारणबाट उत्पन्न विपद्लाई सम्झनु पर्छ ।

(छ) "गैर प्राकृतिक विपद्" भन्नाले महामारी,अनिकाल,डढेलो,कीट आतङ्क,वर्डफ्लू,सर्पदंश,जनावर आतङ्क, खानी दुर्घटना,औद्योगिक दुर्घटना, आगलागी,विषाक्त

ग्यास वा रसायन चुहावट,विकिरण,ग्यास विष्फोटन, विशाक्त खाद्य सेवन,वातावरणीय प्रदुषण वा विनास, भौतिक संरचनाबाट क्षति सम्झनु पर्छ र सो शब्दले विपद्का समयमा गरिने उद्धार कार्यका क्रममा हुने दुर्घटनासमेतलाई बुझाउँछ ।

तर, गैर प्राकृतिक विपद्को हकमा मदिरा सेवन गरेको तथा न्यूनतम सावधानी नअपनाइएको भनी प्रहरी वा स्वास्थ्य संस्थाको मुचुल्काबाट देखिन आएमा राहत उपलब्ध गराइने छैन ।

(ज) "विपद् व्यवस्थापन" भन्नाले विपद् जोखिम न्यूनीकरण,विपद् पूर्वतयारी, विपद् पुनर्लाभसँग सम्वन्धित सम्पूर्ण क्रियाकलापलाई सम्झनु पर्छ ।

(झ) "विपद् जोखिम न्यूनीकरण" भन्नाले विपद् पूर्व गरिने विपद् जोखिम विश्लेषण तथा मूल्याङ्कन,विपद् रोकथाम, विपद् अल्पीकरण तथा विकास कार्य सम्झनु पर्छ र सो शब्दले विपद् जोखिम न्यूनीकरणको मूलप्रवाहीकरणसँग सम्वन्धित अन्य कार्यसमेतलाई जनाउँछ ।

(ञ) "पूर्व तयारी" भन्नाले विपद् हुनु पूर्व सम्भावित विपद्को प्रतिकारको लागि गरिने सबै प्रकारका तयारी र विपद्को सम्भावित जोखिम व्यवस्थापन र न्यूनीकरणका कार्य समेतलाई सम्झनु पर्छ ।

## परिच्छेद – २

## विपद् व्यवस्थापन कोष सञ्चालन समिति

**३. विपद् व्यवस्थापन कोष सञ्चालन समिति** :(१) जोरायल गाउँपालिकामा सम्भावित विपद् जोखिमको पहिचान एवं न्युनीकरण गर्न तथा विपद् पश्चात तत्काल उद्धार तथा राहतको आवश्यक व्यवस्था मिलाउन र विपद् व्यवस्थापन कोषको सञ्चालन गर्नदेहायको एक विपद् व्यवस्थापन कोष सञ्चालन समिति रहनेछ ।

(क) गाँउपालिका अध्यक्ष– संयोजक

(ख) गाँउपालिका उपाध्यक्ष – सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृत – सदस्य

(घ)वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक - सदस्य

(ङ) प्रत्येक वडाका वडा अध्यक्ष –सदस्य

(च) इन्जिनियर/प्राविधिक शाखा प्रमुख – सदस्य

(छ) नेपाल रेडक्रस सोसाइटी जोरायल शाखा प्रमुख/प्रतिनिधि – सदस्य

(ज) गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख – सदस्य

(झ) स्थानीय प्रहरी कार्यालयको प्रमुख/प्रतिनिधि – सदस्य

(ञ) शिक्षा ईकाइ प्रमुख – सदस्य

(ट)पशु सेवा शाखा प्रमुख – सदस्य

(ठ) कृषि विकास शाखा प्रमुख –सदस्य

(ड) योजना शाखा प्रमुख – सदस्य सचिव

(२) आवश्यकता परेको अवस्थामा समितिले आफ्नो बैठकमा अन्य विशेषज्ञ समेत आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिले आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्नेछ ।

**(४) विपद् व्यवस्थापन कोष सञ्चालनसमितिको काम कर्तव्य र अधिकार :**

(क) गाँउपालिका विपद् व्यवस्थापन कोषको लागि आर्थिक स्रोतको व्यवस्थापन गर्ने ।

(ख) गाँउपालिका विपद् व्यवस्थापन कोषको सञ्चालनका लागि आवश्यक योजना तर्जुमा गर्ने/गराउने ।

(ग) विपद्बाट पीडित भएका व्यक्तिको सन्दर्भमा तथ्याङ्क संकलन गरी विपद्को घटना घटेको समय र क्षेत्रमा स्थलगत अनुगमन गरी तत्काल उद्धार तथा राहतको कार्यक्रम लागु गर्ने ।

(घ) विपद्मा परेका पीडितलाई उद्धार र पुनः स्थापना कार्यमा संलग्न सबै सरकारी तथा गैर सरकारी क्षेत्रको सहयोग र सहभागिता जुटाउने ।

(ङ) विपद्का लागि अत्यधिक जोखिम क्षेत्र पहिचान तथा नक्साङ्कन गरी सुरक्षा तथा बचाउका कार्यक्रम गाउँपालिकालाई सिफारिस गर्ने ।

(च) विपद्को जोखिमलाई न्यूनीकरण गर्न समय सापेक्ष नीतिगत र संस्थागत संयन्त्रमा सुधार गर्ने/गराउने ।

(छ) वातावरण मैत्री विकास प्रणालीलाई स्थापित गर्न जोड दिने ।

(ज) विपद् जोखिम न्यूनीकरण तथा प्रकोप पूर्वको तयारीका लागि विपद् व्यवस्थापन सूचना प्रणालीको स्थापना गर्ने/गराउने ।

(झ) विपद् न्यूनीकरण तथा नियन्त्रणको पूर्वाधार निर्माण गर्न गाँउपालिकालाई सिफारिस गर्ने ।

(ञ) विपद् व्यवस्थापनसम्वन्धी राष्ट्रिय नीति तथा कार्यक्रम अनुरुप जोरायल गाउँपालिकाको नीति, योजना तथा कार्यक्रम बनाउने ।

## परिच्छेद–३

## समितिको बैठक

**५. समितिको बैठक :** दफा ३ बमोजिमको समितिको बैठक आवश्यकता अनुसार जुनसुकै समयमा वस्न सक्नेछ ।

**५. गणपुरक संख्या :**(१) समितिको बैठकको लागि ५१ प्रतिशत सदस्यलाई गणपुरक संख्या मानिनेछ ।

तर, आपतकालिन अवस्थामा संयोजकले उद्धार तथा राहतका लागि सिधै निर्देशन गर्न सक्नेछ ।

(२) (३) समितिका पदाधिकारीले बैठक बसेको दिन गा.पा.का पदाधिकारीले पाए सरह बैठक भत्ता पाउने छन् ।

## परिच्छेद– ४

## कोषको स्थापना र सञ्चालन

**(६) विपद् व्यवस्थापन कोषमा रहने रकम :**(१) गाउँपालिकामा विपद् व्यवस्थापन कोषको नाममा एउटा छुट्टै कोष रहनेछ ।

(२) उक्त कोषमादेहाय अनुसारको रकम जम्मा गरिनेछ ।

(क) जोरायल गाउँ सभाबाट वार्षिक रुपमा  विपद् व्यवस्थापन कोषमा विनियोजन भएको रकम ।

(ख) नेपाल सरकारबाट विपद् व्यवस्थापनमा प्राप्त हुने अनुदान सहयोगको रकम ।

(ग) विभिन्न सरकारी, गैर सरकारी तथा अन्य दातृ निकायबाट प्राप्त हुने सहयोग रकम ।

(घ) विपद् व्यवस्थापनको लागि प्राप्त अन्य रकम ।

**७. खाता सञ्चालन :** यस कोषको खाता गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

**८. लेखा परीक्षण:** यस कोषको आन्तरिक लेखा परीक्षण आ.ले.प.शाखाबाट र अन्तिम लेखा परीक्षण महालेखा परिक्षकको कार्यालयबाट हुनेछ ।

# परिच्छेद – ५

## आपतकालिन उद्धार तथा राहत वितरण

**९. आपत्कालीन उद्धार तथा राहत वितरण :** (१) गाउँपालिका क्षेत्रभित्र विपद् तथा जोखिमको घट्ना घटेको अवस्थामा विपद् व्यवस्थापन समितिले तत्काल उद्धारको व्यवस्था मिलाईदेहाय अनुसार राहत उपलब्ध गराउन सक्नेछ :

(क) आगलागी, बाढिपहिरो, चट्याङ आदी प्राकृतिक प्रकोप तथा विपद्को घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने राहत स्वरुप प्रति मृतक रु. १०,०००।- का दरले मृतकका परिवारलाई किरिया खर्च उपलव्ध गराउने र अंगभंग भएमा उपचार खर्च वापत रु १०,०००।- सम्म उपलब्ध गराउने ।

(ख) आगलागी तथा वाढीपहिरो जन्य विपदबाट घर पूर्णरुपमा क्षति भएमा तत्काल गुजाराको लागि रु. १०,०००।-उपलब्ध गराउने ।

(ग) गोठमा आगलागी तथा बाढी पहिराले पुर्ण रुपमा क्षती भएमा रु.५,०००।- र आगलागी तथा बाढिपहिरोबाट गोठ र गोठमा रहेका दोपाय तथा चौपायाको क्षति भएमा क्षतिको विवरण हेरी प्रति परिवार एक मुष्ठ बढीमा रु १०,०००।-सम्म उपलव्ध गराउने ।

(घ) रुख र भिरबाट खसेर मानविय क्षती भएमा मृतकका परिवारलाई किरिया खर्च स्वरुप रु १०,०००।- उपलब्ध गराउनेर अंगभंग भएमा उपचार खर्च वापत रु १००००।- उपलब्ध गराउने ।

(ङ) कसैको विधुतीय करेन्ट लागि मृत्यु भएमा मृतकका परिवारलाई किरिया खर्चवापत रु १००००/उपलब्ध गराउने र अंगभंग भएमा उपचार खर्च वापत रु १००००।- सम्मउपलब्ध गराउने ।

(छ) गंभिर प्रकृतिका रोग (क्यान्सर, मुटु, किड्नी सम्बन्धि) लागेका व्यक्तिलाई औषधोपचार सहयोगको लागि प्रति व्याक्ति रु १०,०००।- उपलब्ध गराउने ।

(२) प्रकोप तथा विपद् पीडितहरुलाई राहत वितरण गर्दा यस कोषको अधिनमा रही यस समिति मार्फत् राहत सहयोग उपलव्ध गराइने छ । तर, विपद्को अवस्थामा तत्काल उद्धार र राहत उपलब्ध गराउन संयोजकले कार्यपालिकाका कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्नेछ । यसरी तत्काल उद्धार र राहत उपलब्ध गराउनुपर्ने अवस्थामा संयोजकको निर्देशानुसार नगद राहत सहयोग समेत उपलब्ध गराउन सकिनेछ ।

(३) उपदफा (२) वमोजिम संयोजकको निर्देशनमा उपलब्ध गराइएको राहत दफा ३ वमोजिमको समितिबाट अनुमोदन गराउनुपर्नेछ ।
(४) यस दफा वमोजिमको राहत सहयोग प्राप्त गर्नको लागि पीडितले घटना भएको ३० दिन भित्र प्रहरी सरजमिन मुचुल्का तथा अन्य आवश्यक कागजात सहित यस समितिमा निवेदन पेश गर्नु पर्नेछ । मृतक तथा घाईतेको हकमा स्वास्थ्य संस्थाको प्रतिवेदन आवश्यक पर्नेछ ।

## परिच्छेद – ६
## विविध

**१०. कोषको रकम अन्यत्र खर्च गर्न नपाइने :** यस कोषमा जम्मा भएको रकम विपद् व्यवस्थापन गर्ने प्रयोजन बाहेक अन्य प्रयोजनमा खर्च गर्न पाइने छैन ।

**११. प्रगति प्रतिवेदन :**दफा ३ को समितिले दफा ९ को उपदफा (१) बमोजिम वितरण गरेको राहत तथा जोखिम एवं विपद् व्यवस्थापन सम्वन्धमा गरेको कामको प्रगति प्रतिवेदन चौमासिक रुपमा  गाँउ कार्यपालिकामा पेश गर्नेछ ।

**१२. बाधा अड्काउ फुकाउने अधिकार :** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा दफा ३ बमोजिमको विपद् व्यवस्थापन कोष सञ्चालन समितिको सिफारिसमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्नेछ ।

**१३. संशोधन :** यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानूनको अधिनमा रही गाउँ कार्यपालिकाको हुनेछ ।

**१४.बचाउ :** यस अघि वितरण भएको राहत यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।